नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
# पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

☎ ५४२१६१० | ५४४४७२५
५४२२०५६ | ५५२२०५९
५४२५७३३ | ५३५०७१७
५४३१००७ | ५३५०७१९

वेबसाइट: www.dls.gov.np
इमेल: dg@dls.gov.np (DG)
planning@dls.gov.np

पत्र संख्या :-

चलानी नं. :-

## लम्पी स्किन रोग सम्बन्धी प्रेस विज्ञप्ति

२०८० असार १३

लम्पी स्किन गाईभैंसीमा भाइरसको कारण लाग्ने महामारी रोग हो। यो रोग लागेका पशुमा उच्च ज्वरो आउने, दाना पानी कम खाने, दूध उत्पादन घट्ने, छालामा गोलो गिर्खा/गाँठाहरू देखिने, ऱ्याल, सिंगान बग्ने, चिप्रा/कचेरा लाग्ने, खुट्टा/जोर्नी सुन्निने जस्ता लक्षणहरु देखिन्छन्। यस रोगले मुख्यतया बाच्छाबाच्छी, जोत्ने गोरु, उन्नत जातका बढी दूध दिने दुधालु र गर्भिणी गाईभैंसीलाई असर गर्छ।

नेपालमा यो रोग पहिलो पटक वि.सं. २०७७ साल असार महिनामा मोरङ जिल्लाको सुन्दरहरैचा नगरपालिकाका गाईहरुमा देखा परेको थियो। रोग देखिएका सुरुका दुई वर्षमा १६ जिल्लाका २९ पालिकामा रोग फैलिँदा ३३०१ पशु सङ्क्रमित भइ १३ वटा पशु मरेका थिए। तत्पश्चात वि.सं. २०७९ सालको चैत्र महिना देखि कोशी प्रदेशबाट रोगको प्रकोप सुरू भइ हालसम्म ७६ जिल्लामा रोग पुष्टि भएको छ। यस रोगबाट कर्णाली, सुदूरपश्चिम, लुम्बिनी र कोशी प्रदेशका मध्य पहाडी तथा पहाडी क्षेत्रमा रहेका पशुहरु बढी प्रभावित भएका छन्। हालसम्म संक्रमित ६ लाख ८२ हजार ८० पशुवस्तुमध्ये ४ लाख ९ हजार १७५ निको भइसकेका छन् भने २५ हजार ४०८ पशु मरेका छन्। हाल २ लाख ४७ हजार ४९७ पशु सक्रिय संक्रमित छन् र संक्रमणको दर क्रमशः घट्दै गएको छ।

यस रोगको महामारी नियन्त्रणका लागि पशु सेवा विभाग र मातहतका निकाय, प्रदेश सरकार मातहतका निकाय तथा स्थानीयतहमा कार्यरत पशु स्वास्थ्यकर्मीहरु परिचालित रहेका छन्। यस क्रममा अन्य सरकारी निकाय, निजीक्षेत्रमा कार्यरत पशु स्वास्थ्यकर्मी लगायतका सरोकारवालासँग समन्वय गरी रोग रोकथाम तथा नियन्त्रणका उपायहरू अवलम्वन गरिएका छन्। पशु सेवा विभागमा लम्पी स्किन रोग नियन्त्रण कक्ष स्थापना सहित प्रभावित क्षेत्रमा रोग अन्वेषण, उपचार र प्राविधिक सल्लाहका लागि टोली परिचालन गरिएको छ। प्रभावित पशुको उपचारको लागि सङ्घ, प्रदेश र स्थानीय तहबाट औषधिको व्यवस्था सहित प्राविधिक परिचालन गरिएको छ। साथै खोप आपूर्तिको लागि आयात अनुमति प्रदान गरी हालसम्म ७ लाख ३७ हजार डोज खोप आयात भइ सातवटै प्रदेशका विभिन्न जिल्लाहरुमा १ लाख ७२ हजार १२८ पशुहरुमा खोप कार्य सम्पन्न भएको छ। यस रोगको उपचार विधि (Treatment guidelines) र यसबारे बारम्बार सोधिने प्रश्नउत्तरको संगालो तयार गरी पशु सेवा विभागको वेभसाइटमा राखिएको छ। प्रदेश तथा स्थानीयतहसँग समन्वयका लागि प्रदेश र स्थानीय तहमा सम्पर्क व्यक्ति (Focal person) तोकिएको छ। रोग रोकथाम तथा उपचारमा खटिने पशु स्वास्थ्यकर्मीहरुलाई प्राथमिक उपचारको जानकारी सहित सूचनामूलक सामग्री प्रकाशित र प्रसारित गरिएको छ। आगामी आ.व. २०८०/८१ का लागि प्रत्येक स्थानीय तहमा महामारी नियन्त्रण गर्न संघीय शसर्त अनुदान अन्तर्गत रू. १ लाखका दरले रकम विनियोजन गरिएको छ। यसका साथै १६१ स्थानीय तहमा भेटेरिनरी डाक्टर र सबै स्थानीय तहमा प्राविधिकहरुको व्यवस्थापनको लागि बजेट व्यवस्था गरिएको छ।

रोग नियन्त्रण कार्यमा सक्रियतापूर्वक सहयोग गर्नुहुने सम्पूर्ण कृषक, व्यवसायी प्राविधिक, संचारकर्मी लगायत सम्पूर्ण सरोकारवालाहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै रोगको रोकथाम तथा नियन्त्रणका लागि सम्बन्धित सबै तहका सरोकारवालाहरूबाट सक्रिय सहयोग, समन्वय तथा सहकार्यका लागि पशु सेवा विभाग हार्दिक अपिल गर्दछ।

सुस्भना कुमारी काफ्ले
महानिर्देशक



Scanned with CamScanner